समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/१०/१७ बैठक संख्या: १९

बैठक प्रारम्भ समय: दिनको २:०० बजे बैठक समापन समय: बजे

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।**

**निर्णयहरु**

१. यस खाँदबारी नगरपालिकाको नगरसभाबाट चालु आर्थिक बर्ष २०७९/०८० का लागि स्वीकृत योजना तथा कार्यक्रमहरु (पूर्वाधारतर्फ मात्र) मिति २०७९ माघ मसान्तसम्म सम्झौता गरीसक्ने उल्लिखित अवधिसम्ममा योजना सम्झौता नभएमा योजना तथा कार्यक्रमहरु स्वत: समर्पण भएको मानिने निर्णय गरियो ।

२. ललितपुर महानगरपालिकाका नगर प्रमुखलाई यस खाँदबारी नगरपालिकामा भ्रमण गर्नका लागि निमन्त्रणा पठाउने, उहाँको भ्रमणको समयमा खाँदबारी नगरपालिका र ललितपुर महानगरपालिकाबीच द्विपक्षीय हित एवं साझेदारीका विषयमा कुराकानी र आवश्यक सम्झौता गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो ।

३. खाँदबारी नगरपालिकाक्षेत्रभित्र रहेका मतदानस्थलहरु पुनरावलोकन सम्बन्धमा खाँदबारी नगरपालिका वडा नं. २ मा रहेको श्री जालपा मा. वि. चेवालाई मतदानस्थल कायमै राखी श्री भद्रकाली आ. वि. चेवाबेंशी मतदानस्थल थप गर्ने तथा खाँदबारी नगरपालिका वडा नं. ११ मा रहेको वडा समितिको कार्यालय मतदानस्थल कायमै राखी श्री मंगलादेवी आ. वि. हेलुवाबेंशी मतदानस्थल थप गर्न सिफारिस गर्ने ।

४. माग निवेदनका आधारमा विभिन्न विपद् पिडितहरुलाई विपद् व्यवस्थापन कोषबाट रु. १५,०००।- उपलब्ध गराउन २०७९ पुस २६ को कार्यपालिका बैठकबाट निर्णय भएकोमा निम्न पिडितहरुलाई थप रु. ५०००।- राहत स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

   निम्न:

   क. गणेश गुरुङ, खाँदबारी-४

   ख. पर्शुराम नेपाली- खाँदबारी-४

५. चिसापानी - अन्तरेदह - स.मा.वि. - माल्टा नयाँ ट्र्याक खोल्ने सडकलाई बहुबर्षीय योजनाको रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत